फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्ड : ३ संख्या : १२ मितिः २०७७/११/२३

भाग-२

फलेवास नगर कार्यपालिका

## फलेवास नगरपालिकाको बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७७

कार्यपालिकावाट स्वीकृत मिति : २०७७/११/२३

एक आर्थिक वर्ष भन्दा बढी कार्यान्वयन अवधि लाग्ने आयोजना तथा कार्यक्रमहरुको ठेक्का व्यवस्थापनलाई सरल, सहज र अनुमानयोग्य बनाउन, ठेक्का बन्दोबस्तमा निश्चित मापदण्ड तर्जुमा गरी विकास आयोजनाहरूको स्रोतको सुनिश्चितता, आयोजनाको लागत तथा व्यवस्थापनमा वित्तीय अनुशासन कायम गरी निर्दिष्ट समयावधि भित्र आयोजना सम्पन्न गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रशासकिय कार्यविधि नियमित गर्न बनेको ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी फलेवास नगरपालिकाले यो निर्देशिका जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम “फलेवास नगरपालिकाको बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७” रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका फलेवास नगरपालिका भर लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “खरिद ऐन” भन्नाले खरिद सम्बन्धी प्रचलित कानूनलाई सम्झनु पर्छ ।

(ख) “बहुवर्षीय आयोजना” भन्नाले आयोजना सम्पन्न गर्न एक वर्षभन्दा बढी समयावधि लाग्ने प्रकृतिका आयोजनालाई सम्झनु पर्दछ ।

(ग) नगरपालिका भन्नाले “फलेवास नगरपालिका” सम्झनु पर्दछ ।

**३. बहुवर्षीय ठेक्का बन्दोबस्तको लागि आधार तथा मापदण्डः**

देहाय बमोजिमका आधार पूरा भएको आयोजनालाई नगरपालिकाले वहुवर्षीय ठेक्का बन्दोबस्तीमा लैजान प्रस्ताव गर्न सक्नेछन्

१) विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भएको,

२) बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि जग्गा प्राप्तिको प्रक्रिया पूरा भएको,

३) फलेवास नगरपालिकाको गौरबको आयोजनाका रुपमा रहेको,

४) स्रोत सुनिश्चितता भएको

५) वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चित भएको,

६) आयोजनाको दायित्व फरफारक गर्न कम्तिमा एक आर्थिक वर्षभन्दा बढी समय लाग्ने अवस्था रहेको,

७) खरिद ऐनका स्थापित मान्यता पालना भएको,

८) संघ र प्रदेससँग साझेदारीमा सञ्चालन गरिने बाहेकका योजनामा नेपालको संविधान र प्रचलित कानुन बमोजिम नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको ।

**४ वहुवर्षीय खरिद सम्झौता गर्न सकिनेः**

१) देहायका अवस्थामा वहुवर्षीय खरिदको सम्झौता गर्नुपर्ने भएमा नगर कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

(क) वार्षिक खरिद सम्झौता गरी खरिद गर्नुभन्दा वहुवर्षीय सम्झौता गरी खरिद गर्दा नगरपालिकालाई सारभूत रुपमा लाभ हुने भएमा,

(ख) खरिद सम्झौताको अवधिमा खरिदको परिमाण सारभूत रुपमा थपघट नहुने भएमा,

(ग) खरिद सम्झौता अवधिभर खरिद गरिने मालसामानको डिजाइन परिवर्तन नहुने भएमा र

(घ) मालसामान आपूर्तिसँग सम्बन्धित प्राविधिक जोखिम बढी नहुने भएमा ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले वहुवर्षीय खरिद सम्झौता गर्न आवश्यक देखेमा नगर कार्यपालिकाबाट सहमति लिनु पर्नेछ ।

**५. निर्देशिका लागू हुनेः** यो निर्देशिका आर्थिक वर्ष २०७७/०७८ देखि बहुवर्षीय ठेक्का बन्दोवस्त भई कार्यान्वयनमा जाने आयोजनाहरूको हकमा लागू हुनेछ । यस अघि भएका वहुवर्षिय आयोजना तथा कार्यक्रम यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

**६. बाधा अड्काउ फुकाउनेः**

यस निर्देशिका कार्यान्वयनमा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

आज्ञाले,

मुक्तिराम रिजाल

प्रमुख प्रशासकीय अधिकृत